सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

प.स:२०८१/०८२
च.नं: 2268

मिति:२०८२।०३।१३

श्री वडा कार्यालयहरु सबै ।
श्री विषयगत शाखाहरु सबै ।
सरुमारानी गाउँपालिका, प्यूठान ।

विषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस सरुमारानी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०३।०६ र ०८ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपिहरु आवश्यक जानकारी एवं कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

.................. २०८२/३/१३
(त्रिविक्रम खड्का) त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगानाः सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडा-०४, प्यूठान ,लुम्बिनी प्रदेश नेपाल
कार्यालयको फोन नं ९८५७८३६०२२ ,Website:www.sarumaranimun.gov.np
Email :sarumarani2073@gmail.com

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

<u>मिति २०८२।०३।०६ गतेका गाउंकार्यपालिकाको साठीऔं बैठकका प्रस्तावहरु:</u>

१. प्रगती समिक्षा सम्बन्धमा ।

२. गाउँसभाको कार्यसूची सम्बन्धमा ।

३. बजेट तथा कार्यक्रम माथी छलफल सम्बन्धमा ।

४. स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।

५. छोरीपेवा वचत कार्यक्रममा नपुग रकम सम्बन्धमा ।

६.कृषिको मोटर र पाईप कोटेशनबाट खरिद गर्ने सम्बन्धमा ।

७. ओज्जनीपुलको DPR रिपोर्ट स्वीकृत सम्बन्धमा ।

८. आर्थिक सहायता सम्बन्धमा ।

९. सडक हेरालु सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

- प्रधानमन्त्री रोजगार कार्यक्रमका कर्मचारी ब्यबस्थापन सम्बन्धमा ।
- फिल्ड सहायकको बजेट ब्यबस्थापन सम्बन्धमा ।
- सडक हेरालु/मर्मत कार्यकर्ता व्यवस्थापन तथा परिचालन सम्बन्धी निर्देशिका सम्बन्धमा
- कर्मचारीहरुको निधनमा किरीया खर्च रकम सम्बन्धमा ।

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बडडाँडा लुम्बिनी प्रदेश नेपाल २०७३

**बैठक संख्या-६०**

**गाउँकार्यपालिकाको साठीऔं बैठकका निर्णयहरु**

**मितिः २०८२।०३।०६ गते**

**निर्णय नं. १ प्रगती समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८२।०२।२७ गतेको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको विषयमा जानकारी एवं छलफल भयो। अधिकांश निर्णयहरु कार्यान्वयन भएको जानकारी भयो ।

**निर्णय नं. २ गाउँसभाको कार्यसूची सम्बन्धमा।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको दोश्रो गाउँसभाको सत्रौ अधिवेशनका प्रस्तावहरु तपशिलका बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

दोश्रो गाउँसभाको सत्रौं अधिवेशनको प्रथम बैठक २०८२।०३।०८ गतेका प्रस्तावहरु

१. गाउँसभाको सत्रौं अधिवेशनको बैठक आव्हान गरेको बाचनपत्र सम्बन्धमा ।
२. सभाको सफलताको शुभकामना सम्बन्धमा।
३. बार्षिक नीति तथा कार्यक्रम, २०८२/०८३ सम्बन्धमा ।
४. अनुगमन समितिको बार्षिक प्रतिवेदन, २०८१ सम्बन्धमा ।
५. न्यायिक समितिको बार्षिक प्रतिवेदन, २०८१ सम्बन्धमा ।
६. लेखा समितिको बार्षिक प्रतिबेदन २०८१
७. योजना तथा शुसासन समितिको बार्षिक प्रतिबेदन २०८१
८. विधायन समितिको प्रतिवेदन, २०८१
९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ सम्बन्धमा ।

दोश्रो गाउँसभाको सत्रौ अधिवेशनको दोश्रो बैठक २०८२।०३।१० गतेका प्रस्तावहरु

१. बार्षिक बजेट तथा कार्यक्रम (बजेट बक्तब्य) पेश सम्बन्धमा ।
२. विनियोजन विधेयक, २०८२" सम्बन्धमा ।
३. आर्थिक विधेयक, २०८२ सम्बन्धमा ।
४. बेरुजु सम्परिक्षण सम्बन्धमा ।
५. चालु आ.ब.को संशोधित बजेट तथा कार्यक्रम अनुमोदन सम्बन्धमा ।
६. अन्य विषयहरु/समसामायिक विषयबस्तुहरु

**निर्णय नं. ३ बजेट तथा कार्यक्रम माथी छलफल सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.ब. २०८२।०८३ को लागि कुल आय अनुमान ४९ करोड २१ लाख ७९ हजार हुने अनुमान भएकोले सो बजेट सिमाभित्र रही

त्रिविक्रम खड्का प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

विश्वकर्मा

वार्षिक बजेट तथा कार्यक्रम निर्माणको लागि बजेट तर्जुमा समितिलाई निर्देशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ स्थानीय पाठ्यक्रम स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन कार्य दलले लेखन/तयार पारी पेस गरेका तपसिलका स्थानीय पाठ्यपुस्तक स्वीकृत गरियो ।

१. हाम्रो सरुमारानी हाम्रो गौरव कक्षा ६
२. हाम्रो सरुमारानी हाम्रो गौरव कक्षा ७
३. हाम्रो सरुमारानी हाम्रो गौरव कक्षा ८

**निर्णय नं. ५ छोरीपेवा वचत कार्यक्रममा नपुग रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस आ.व. को छोरीपेवा वचत कार्यक्रमको शिर्षकमा नपुग रकम आ.व. २०८१।०८२ को कार्यान्वयन हुन नसकेका विभिन्न योजना/कार्यक्रमवाट वचत हुने रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ कृषिको मोटर र पाईप कोटेशनबाट खरिद गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रम अन्तर्गत मोटर र पाइप वितरण कार्यक्रमको लागि बजेट रकम रु. ९,००,०००/- र सरुमारानी गाउँपालिकाको मिति २०८१/०९/२७ को सरुमारानी गाउँ कार्यपालिका वैठकको निर्णयनुसार मोटरपाईप वितरण कार्यक्रमको लागि बजेट रु. २,००,०००/- गरी हुन आउने रकम रु. ११,००,०००/- (अक्षरुपी रु.एघार लाख मात्र) को दुइ चोटी अनलाइन विडीङ्ग गरेको कुनै पनि विडरले आवेदन पेश नगरेको र पुनः अनलाइन विडीङ्ग गर्न पर्याप्त समय नभएकोले आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत किसान संग गाउँ सरकार कार्यक्रम अन्तर्गत मोटर र पाइप वितरण कार्यक्रमको लागि बजेट रकम रु. ९,००,०००/- बाट सार्वजनिक खरिद ऐन ६३ दफा ८५ को क अनुसार पालिकामा सुचिकृत भएका फर्मबाट दररेट माग गरी खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ ओज्जनीपुलको DPR रिपोर्ट ~~स्वीकृत~~ सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको निर्णय अनुसार संघीय सरकारवाट चालु आ.व. २०८१।०८२ को लागि रु ८५ लाख बजेट विनियोजन भएकोमा उक्त पुलको DPR रिपोर्ट निर्माण नभएकोले ठेक्का प्रकृयामा जान नसकेको हुनाले उक्त योजनालाई अघि बढाउन DPR निर्माण भएकोमा गाउँकार्यपालिकाको मिति २०८२।०२।०८ को वैठकले ओज्जेनी पक्कीपुलको विस्तृत परियोजना प्रतिवेदन( DPR)को भुक्तानी प्रकृया अगाडी निर्णय भएकोमा DPR रिपोर्ट लुम्विनी प्रदेश स्तरीय स्थानीय पूर्वाधार विकास कार्यालयले हालसम्म स्वीकृत/प्रमाणीकरण गरिनसकेको र कार्यालयको पूजीगत खर्चको दायित्व वापतको रकम अपुग हुने देखिएकोले उक्त कार्यवापतको भुक्तानी सम्बन्धित निकायबाट अन्तिम DPR रिपोर्ट प्रमाणिकरण/स्वीकृत भएपश्चायत हुने गरी आगामी आ.व. २०८२।०८३लाई दायित्व सार्ने निर्णय गरियो ।

## निर्णय नं. ८ आर्थिक सहायता सम्बन्धमा ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा,

क) यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निवेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १. | चन्द्रकला राना | सरुमारानी-३ | १०,००० | विपन्न असहाय सहायता कार्यक्रम |
| २ | खग बहादुर सार्की/लक्ष्मी सुनार | सरुमारानी-५ | १०,००० | दिर्घरोध सहायता कार्यक्रम |

ख) सरुमारानी गाउँपालिका वडा नं. ३ कटौजे निवासी पुर्खसिं सुनारको बुहारी तुलसी देवी सुनारको मिति २०८१।१२।१५ गते भएको आगोलागीका कारण घरगोठ, लत्ताकपडा अन्नपात कागजात लगाएतका सामाग्रीहरु जलेर नष्ट भएकोले निजलाई विपद व्यवस्थापन कोषबाट रु. १०,०००/- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

ग) नेपाल राष्ट्रिय मा.वि. झिमरुक-६ प्यूठान को मिति २०८२।३।६ को पत्र अनुसार उक्त विद्यालयलाई विद्यालय स्थापनाको ५० औ वर्षमा प्रवेश गरी स्वर्ण महोत्सव सहयोग स्वरुप रु. १०,०००/-उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ९ सडक हेरालु सम्बन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८२।२।२८ गतेको निर्णय बमोजिम वडा कार्यालयबाट माग गरिए अनुसार वडा समितिबाट सिफारिस भएका तपिशलका सडकहरु छनौट गर्ने निर्णय गरियो । साथै उपरोक्त सडक हेरालुहरुसंग कार्यालयले दैनिक रु. ६६८ पारिश्रमिक पाउने गरी करार संझौता गरी परिचालन गर्ने निर्णय गरियो ।

तपिशल

| क्र.स. | सडक हेरालुको नामथर | ठेगना | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | हस्त बहादुर पुन | सरुमारानी-६ भिंगृखोला | ९७४२२०५७२८ | |
| २ | यम बहादुर मिजार | सरुमारानी-६ किमिचौर | ९७६५३८८७३८ | |
| ३ | बेल बहादुर घर्तीमगर | सरुमारानी-६ किमिचौर | ९७४६९२९४२० | |
| ४ | दिन बहादुर सोमैमगर | सरुमारानी-५ | | |
| ५ | कोम बहादुर राना मगर | सरुमारानी-५ | | |
| ६ | लुक बहादुर मर्साई मगर | सरुमारानी-५ | | |
| ७ | प्रेम बहादुर कुमाल | सरुमारानी-२ चिसापानी | ९८१०८३९०६८ | |
| ८ | खडक बहादुर कुमाल | सरुमारानी-२ चिसापानी | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | हुम बहादुर वि.क. | सरुमारानी-४ उपल्लो वड्डाडा | | |
| १० | कमला कामी | सरुमारानी-४ उपल्लो वड्डाडा | | |
| ११ | अनाराम राउत | सरुमारानी-१ | | |
| १२ | नविन राउत | सरुमारानी-१ | ९७४८८०१६७७ | |
| १३ | दान बहादुर घर्ती | सरुमारानी-३ चाभा | | |
| १४ | मग्बुल मियाँ | सरुमारानी-३ कास्कोट | | |

**निर्णय नं. १० विविध सम्बन्धमा ।**

- **प्रधानमन्त्री रोजगार कार्यक्रमका कर्मचारी व्यबस्थापन सम्बन्धमा ।**
  प्रधानमन्त्री रोजगार कार्यक्रममा कार्यरत रोजगार सहायक र सव-ईन्जिनियरको पारिश्रमिक तथा सुविधा नेपाल सरकारले उपलब्ध नगराउने भएको तर दुवै पदका लागि गाउँपालिकाले आ.ब. २०८२।०८३ को लागि यस गाउँपालिकाले बजेट विनियोजन गरी आ.ब. २०८२।०८३ मा हाल कार्यरत कर्मचारीको सेवा निरन्तरता गर्ने निर्णय गरियो।

- **फिल्ड सहायकको बजेट व्यबस्थापन सम्बन्धमा ।**
  आगामी आ.ब. २०८२।०८३ को लागि राष्ट्रिय पंजिकरण तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत कार्यरत फिल्ड सहायकहरु मध्ये एकजनाको मात्र केही रकम पारिश्रमिक तथा सुविधा प्राप्त हुने र एक जनाको पारिश्रमिक तथा सुविधा नेपाल सरकारबाट निकासा नआउने भएकोले दुबै फिल्ड सहायकको नपुरग रकम गाउँपालिकाले व्यवस्थापन गरी निरन्तरता दिने निर्णय गरियो ।

- **सडक हेरालु/मर्मत कार्यकर्ता व्यवस्थापन तथा परिचालन सम्बन्धी निर्देशिका सम्बन्धमा**

यस गाउँपालिकाको सडक हेरालु/मर्मत कार्यकर्ता व्यवस्थापन तथा परिचालन सम्बन्धी निर्देशिका २०८२ लाई स्वीकृत गरियो ।

- **कर्मचारीहरुको निधनमा किरीया खर्च रकम सम्बन्धमा ।**
  यस गाउँपालिका वा सो अन्तर्गत कार्यरत करार कर्मचारी विभिन्न कारणले निधन भएमा निजको परिवारहरुलाई किरीया खर्चवापत रु. ५०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०३/०६

त्रिविक्रम बडका
प्रमुख प्रशासकीय अधिकृत

झग बहादुर विश्वकर्मा
अध्यक्ष

## मिति २०८२।०३।०८ गतेका गाउँकार्यपालिकाको एकसठ्ठीऔं बैठकका प्रस्तावहरुः

१. बार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा

२. विभिन्न समितिका बार्षिक प्रतिवेदनहरु सभामा पेश गर्ने सम्बन्धमा ।

३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८२ सभामा पेश गर्ने सम्वन्धमा

४. आ.ब.२०८२।०८३ को बार्षिक बजेट सभामा पेश गर्ने सम्बन्धमा ।

५. आर्थिक ऐन स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।

६. विनियोजना ऐन स्वीकृत गरी सभामा पेश गर्ने सम्बन्धमा ।

७. बेरुजु सम्परिक्षण सम्बन्धी प्रस्ताव सभामा पेश गर्ने सम्बन्धमा ।

८. संशोधित बजेट तथा कार्यक्रम अनुमोदनका लागी सभामा पेश गर्ने सम्वन्धमा ।

९. अन्य विषयहरु/समसामायिक विषयबस्तुहरु ।

त्रिविक्रम चड्का
प्रमुख प्रशासकीय अधिकृत

खग बहादुर विश्वकर्मा
अध्यक्ष

**बैठक संख्या-६१**

**गाउँकार्यपालिकाको एकसठ्ठिऔं बैठकका निर्णयहरु**

**मितिः २०८२।०३।०८ गते**

**निर्णय न. १ आ.ब. २०८१।०८२ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव न.१ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी दोश्रो गाउँसभाको सत्रौ अधिवेसनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ विभिन्न समितिका बार्षिक प्रतिवेदनहरु सभामा पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव न. २ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको गाउँसभाबाट र स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम गठन भएका तपशिलका विभिन्न समितिहरुको बार्षिक प्रतिवेदन दोश्रो गाउँसभाको १७ औं अधिवेशनको पहिलो बेठकमा पेश गर्ने निर्णय गरियो ।

- न्यायिक समितिको बार्षिक प्रतिवेदन, २०८१
- अनुगमन समितिको बार्षिक प्रतिबेदन, २०८१
- योजना तथा सुशासन समितिको बार्षिक प्रतिवेदन, २०८१
- लेखा समितिको बार्षिक प्रतिवेदन, २०८१
- विद्यायन समितिको बार्षिक प्रतिवेदन, २०८१

**निर्णय नं. ३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विद्येयक, २०८२ सभामा पेश गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विद्यायन समितिको मिति २०८२।३।५ गतेको बैठकको निर्णय अनुसार पेश भएको सरुमारानी गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विद्येयक, २०८२ लाई यस गाउँपालिकाको दोश्रो गाउँसभाको १७ औं अधिवेशनको बैठकमा छलफल/स्वीकृतको लागि सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ आ.ब.२०८२।०८३ को बार्षिक बजेट सम्बन्धमा ।**

प्रस्ताव न. ४ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको बजेट तर्जुमा तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक बजेट योजना तथा कार्यक्रम, २०८२ लाई स्वीकृत गरी दोश्रो गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ आर्थिक बिद्येयक, २०८२ सम्बन्धमा ।**

प्रस्ताव न. ५ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को अर्थ सम्बन्धी

प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन तथा छुट सम्वन्धि व्यवस्था गर्न वनेको आर्थिक विधेयक, २०८२ लाई स्वीकृत गरी दोश्रो गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ विनियोजन विधेयक, २०८२ सम्बन्धमा ।**

प्रस्ताव न. ६ माथी छलफल गर्दा सरुमारानी गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा सरुमारानी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार सम्वन्धमा व्यवस्था गर्न वनेको विनियोजन विधेयक, २०८२ लाई स्वीकृत गरी दोश्रो गाउँसभाको सत्रौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ लेखापरिक्षण प्रतिवेदन र बेरुजु सम्परीक्षण सम्बन्धमा ।**

प्रस्ताव न. ७ माथी छलफल गर्दा यस गाउँपालिकाको आ.ब. २०८०।०८१ को वार्षिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजुहरु सम्परिक्षणको लागि सत्रौ गाउँसभाको बैठमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ कार्यक्रम/बजेट संशोधन थपघट अनुमोदनको लागि सभामा पेश गर्ने सम्बन्धमा**

प्रस्ताव न. ८ माथी छलफल गर्दा चालु आ.ब.२०८१।०८२ को लागि सरुमारानी गाउँपालिकाको १५ औं गाउँसभा अधिवेशनबाट स्वीकृत आ.ब.२०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रममा सरुमारानी गाउँकार्यपालिकाको बैठकले विभिन्न मितिमा गरेका कार्यक्रम/बजेट संशोधन, थपघट अनुमोदनको लागि दोश्रो गाउँसभाको सत्रौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ९ समसामायिक विषयहरु सम्बन्धमा ।**

प्रस्ताव न. ९ माथी छलफल गर्दा समसामयिक विषयहरु तयार गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो।

प्रमाणिकरण मिति २०८२/०३/०८